# कोटहीमाई गाउँपालिका
Kotahimai Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मझगावाँ, रुपन्देही
Majhgawa, Rupandehi

फोन नं. ०७१-४०१०२४
Ph No.: 071-5401024
,, ०७१-४०१०४४
,, 071-401044
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Ref No. ०८१/०८२ च.नं./Dispatch No. ९४ मिति/Date: २०८१।०४।०८

विषय: सिफारिस गरिएको बारे ।

श्री पशु स्वस्थ्य तथा पशु सेवा व्यवसायी परिषद

प्रस्तुत विषयमा जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा.न. ०७ मा स्थायी बसोबास गरि उक्त भेगका किसानको सेवामा निरन्तर लागेका ब्यति श्री टेकनाथ आचार्यको नाती श्री छन्द प्रसाद आचार्यको छोरा श्री पिताम्बर आचार्यले मिति २०६२।११।२६मा धवलागिरी प्रविधिक शिक्षालय लेते,मुस्ताङ्ग बाट नायव पशु सेवा प्रबिधिक ( जे.टि.ए.) पशुपालन विषयमा प्रथम श्रेणिमा उतिर्ण भई २०७३।०२। १८देखि एक गाउँ विकास समिती एक पशु स्वास्थ्य प्रविधिका(ओ.भि.ओ.टि.)पदमा जिल्ला पशु सेवा कार्यालय,रुपन्देही बाट छनौट भै साबिक सिपवा गाविस हाल ( कोटहीमाई गाउँपालिका) रुपन्देहीमा कार्यरत रहेर निरन्तर पशु उपचार, गोबर परिक्षण,पशु खोप कृत्रिम गर्भाधान ,लगाएत पशु सँग सम्बन्धित सेवा दिदै आएको हुदा निजको पशु स्वास्थ्य सेवामा लामो समय देखी अनुभव प्राप्त भएको हुनाले यो सिफारिस गरि पठाएको ब्यहोरा अनुरोध छ ।

दिनेश कुमार गौड (कहार)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
जिल्ला पशु सेवा कार्यालय, रूपन्देही

फोन नं. ०७१५२६५०६
फ्याक्स: ०७१५२०२०६

प.सं.०७२/०७३ (यो.)
च.नं. १११२

मिति: २०७३/०२/१७

विषय : कार्यक्षेत्र तोकिएको बारे ।

श्री पिताम्वर आचार्य ,
नायव पशु सेवा प्राविधिक ।

उपरोक्त सम्वन्धमा एक गाउँ विकास समिती एक पशु सेवा/पशु स्वास्थ्य प्राविधिक कार्यक्रम अन्तर्गत यस कार्यालयको मिती २०७३।२।१६ को निर्णयानुसार २०७३।२।१८ गते देखी लागु हुने गरी तपाई लाई सिपवा गा.वि.स. कार्यक्षेत्र हुने गरी तोकिएको र करार सम्झौता समेत भइसकेकोले करार सम्झौता बमोजीम सो गा.वि.स.मा गई तोकिएको कार्य गर्नु हुन जानकारी गराईन्छ ।

२०७३।२।१६

डा.गान्धीराज उपाध्याय

डा० गान्धीराज उपाध्याय
वरिष्ठ पशु चिकित्सक

वोधार्थ
१) जिल्ला विकास समिती को कार्यालय,
रूपन्देही : जानकारी को लागी अनुरोध छ ।
२) गाउँ विकास समिती को कार्यालय,
सिपवा : आवश्यक सहयोग गर्नुहुन ।

CamScanner

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
जिल्ला पशु सेवा कार्यालय

११ संग सम्बन्धित

नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालय, पशु सेवा विभाग, जिल्ला पशु सेवा कार्यालय, रुपन्देही (पहिलो पक्ष) र तिलोत्तमा गा.वि.स./न.पा. वडा नं. १० रुपन्देही बस्ने श्री टेकनाथ आचार्य को नाति श्री छविप्र. आचार्य को छोरा श्री पितामबर आचार्य.....(दोस्रो पक्ष) बिच मिति २०७३/०२/१६ मा एक गाउ विकास समिति एक पशु सेवा प्राविधिक कार्यक्रम व्यवस्थापन कार्यविधी २०७३ बमोजिमको सेवा गर्नको लागी देहायको शर्तको अधिनमा रही दोस्रो पक्ष म पितामबर आचार्य... ले पहिलो पक्ष जिल्ला पशु सेवा कार्यालय, रुपन्देही लाई तोकिएको सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी बुझि लियौ दियौ ।

शर्तहरु :

१) **गर्नपर्ने कामको विवरण** : एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधी, २०७३ को अनुसुची २ मा उल्लेख भए अनुसारको प्रविधिक कर्मचारीले गनुपर्ने काम गर्नुपर्नेछ ।

२) **काम गर्नुपर्ने स्थान र समय** : जिल्ला पशु सेवा कार्यालय, रुपन्देही अन्तर्गत ...सिपवा.....गा.वि.स.मा रही नेपालल सरकारले तोकेको समयानुसार काम गर्नुपर्ने छ र आवश्यक परेमा थप क्षेत्रको पनि जिम्मेवारी दिन सकिने छ ।

३) **सम्झौता अवधी:** यो सम्झौता मिति २०७३/०२/१८ देखि २०७३ आषाढ मसान्तसम्म मात्र रहनेछ ।

४) **सेवा, सुविधा** : सेवा करारमा काम गर्ने कर्मचारीले नेपाल कृषि सेवा अन्तर्गतका रा.प.अनं. द्बितिय श्रेणीका कर्मचारीको सुरु तलव स्केल बराबरको रकममा करकट्टी गरी मासिक भुक्तानी गरिने छ ।

५) पारिश्रमिक भुक्तनी पाउनका लागी काम गरेको महिना भुक्तानी भएपछी सम्बन्धित गा.वि.स. सचिवबाट हाजिरी प्रमाणित गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

६) सेवा करारमा काम गर्ने कर्मचारीलाई सार्वजनिक विदाको दिन बाहेक अन्य कुनै पनि दिन विदा दिईने छैन ।

७) सेवा करारमा काम गर्ने व्यक्तिको हाजिरी तथा कार्यालय सम्बन्धित गा.वि.स.को कार्यालयमा रहनेछ ।

८) सेवा सम्बन्धी प्रचलित कानुनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु पालना गर्नुपर्ने निजामती सेवा नियमावली २०५० (संशोधन सहित) मा उल्लेख भएका निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण पालना गर्नुपर्नेछ ।

९) सेवा करारमा काम गर्ने व्यक्तिले कार्यालयको चल अचल सम्पत्तीको हानी नोक्सानी तथा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाई बुझाउनुपर्नेछ ।

१०) सेवा करारमा नियुक्त भएको व्यक्ति शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले काम गर्न असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लंघन गरेमा वा कार्यालयको गोप्य कुरा वा कागजपत्र कुनै अनधिकृत व्यक्ति वा संस्थालाई दिएमा सेवाबाट हटाईने छ ।

११) यस सम्झौतामा उल्लेख भएभन्दा बढी रकम दोस्रो पक्षले दाबी गर्न पाउने छैन ।

१२) यो सम्झौताको म्याद सकिनु पूर्व सम्झौता भङ्गगर्न चाहेमा पहिलो पक्षले कम्तीमा १५ (पन्ध्र) दिन र दोस्रो पक्षले एक महिना अगावै लिखित सुचना दिनुपर्नेछ । तर सेवा करार लिएको पद सरुवा वा अन्य कनै किसिमले स्थायी पदपूर्ति भएमा वा दरवन्दी कटौती भएमा स्वत : सम्झौता भङ्ग भएको मानिनेछ ।

१३) दोस्रो पक्षले सम्पादन गरेको कामको तोकिए बमोजिमको ढांचामा प्रगती विवरण मासिक रुपमा सम्बन्धित सेवाकेन्द्र र गाउ विकास समितीमा पेश गर्नुपर्नेछ ।

१४) यो सम्झौतामा उल्लेख भएका शर्तहरु यसै सम्झौता बमोजिम र अन्य कुराहरु एक गांउ विकास समिती एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधी २०७३ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| नाम : पितामबर आचार्य | नाम : डा. गान्धीराज उपाध्याय |
| ठेगाना: तिलोत्तमा - १०, रुपन्देही | पद : बरिष्ठ पशु चिकित्सक |
| दस्तखत : | दस्तखत : २/१६ |
| मिति : २०७३/२/१६ | मिति : २०७३/२/१६ |

डा. गान्धीराज उपाध्याय
चिकित्सक

CamScanner